## नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## सिंहदरबार प्लाजा, काठमाण्डौं ।

## मिति २०६६/७/१३ गते शुक्रवार देखि २०६६/७/१९ गते विहिवार सम्मको कारोबार

यस साता नेपाल स्टक एक्सचेन्जमा ८६ कम्पनीहरुको कारोबार भएको छ, जस अनुसार ४४०६ कारोबारबाट ३२ करोड ६८ लाख ८९ हजार रुपैयाँ बराबरका ५ लाख ८६ हजार १ सय कित्ता शेयरहरु खरीद विक्री भएका छन । कारोबार रकममा गत साताको तुलनामा १८.२९ प्रतिशतले वृद्धि भएको हो । गत साता ४५४४ शेयर कारोबारबाट २७ करोड ६३ लाख ५६ हजार रुपैयाँ बराबरका ४ लाख ९२ हजार ३ सय कित्ता शेयरहरु खरीद विक्री भएका थिए ।

कूल कारोबार मध्ये 'क' वर्गका कम्पनीहरुको मात्र २१ करोड ९६ लाख रुपैयाँ बराबरको कारोबार भएको छ । यो कूल कारोबारको ६७.१९ प्रतिशत हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा १७.५८ अंकले वृद्धि भई अन्तिम दिन ५८४.६४ विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह / दिन | वाणिज्य बैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बीमा | वित्त | विकास बैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स | फ्लोट इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | ५३५.५२ | ४३८.८२ | ३६८.६१ | ६२८.०५ | ८२९.०९ | २६१.२१ | ६०६.३५ | ६०६.८८ | ६३९.३० | ५६७.०६ | १४१.०४ | ५४.१२ |
| दोस्रो | ५३८.५६ | ४३८.८२ | ३६८.६१ | ६२३.८८ | ८०६.३० | २६१.२१ | ६०६.३५ | ६०४.३३ | ६३२.७९ | ५६७.२७ | १४०.८८ | ५४.१८ |
| तेस्रो | ५४७.५७ | ४३८.८२ | ३६८.६१ | ६१६.८३ | ८१३.४२ | २६१.२१ | ६०६.४७ | ६०७.५० | ६३३.३४ | ५७१.५८ | १४२.९८ | ५४.६९ |
| चौथो | ५५९.०४ | ४३८.८२ | ३६८.६१ | ६३४.४५ | ८१५.८८ | २६६.०९ | ६०६.४७ | ६०७.२६ | ६३७.९१ | ५८१.५५ | १४५.५७ | ५५.४९ |
| पाँचौं | ५६४.२९ | ४३८.८२ | ३६८.६१ | ६३४.४५ | ८२५.२४ | २६६.०९ | ६०६.६३ | ६०८.६१ | ६३६.५३ | ५८४.६४ | १४६.३२ | ५५.८५ |
| परिवर्तन | २८.७७ | ०.०० | ०.०० | ६.४० | -३.८५ | ४.८८ | ०.२८ | १.७३ | -२.७७ | १७..५८ | ५.२८ | १.७३ |

'क' वर्गका कम्पनीहरुको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पहिलो दिनको तुलनामा ५.२८ अंकले वृद्धि भई १४६.३२ अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (८ करोड ५२ लाख रुपैयाँ) को अधारमा लक्ष्मी बैंक तथा शेयर संख्या (१ लाख ६ हजार कित्ता) को आधारमा नेपाल शेयर मार्केट एण्ड फाइनान्स र कारोबार संख्या (६१० वटा) को आधारमा भिवोर विकास वैंक अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोबार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोबार रकम (रु. दशलाखमा) |
|---|---|---|
| १ | लक्ष्मी बैंक | ८५.२५ |
| २ | नेपाल एसविआई बैंक | २८.६० |
| ३ | स्ट्याण्डर्ड चार्टर्ड बैंक | २३.२७ |
| ४ | बैंक अफ काठमाण्डू | २१.६२ |
| ५ | नेपाल शेयर मार्केट्स एण्ड फाइनान्स | १९.९३ |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ५ दिन खुला रह्यो । यस साता पनि ऋणपत्र तर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरुको कुनै पनि कारोबार भएन ।

**सूचिकरण**

यस साता सूचिकरण तर्फ निम्न कम्पनीको शेयर सूचिकृत भएको छ ।

| सि.नं. | कम्पनीको नाम | सूचिकृत धितोपत्रको किसिम | सूचिकृत धितोपत्र संख्या |
|---|---|---|---|
| १ | प्रभु फाइनान्स | हकप्रद | ८००००० कित्ता |